# नगरसभाबाट भएका निर्णयहरु

## निर्णय .न .१

ढुंगा गिट्टी बालुवा राजस्व उठाउने गरि जि.स.स. बाट प्राप्त दररेट तथा राजस्व परामर्श समिति को निर्णय अनुसार को दररेटमा उठाउन वडा न. ८ र वडा न. ६ लाई तोकिएको प्रकृया पूरा गरी तहा बाटै राजस्व उठान दिने निर्णय गरियो।

## निर्णय न.२

न .पा. बाट उठाईदै आएको पार्किंग शुल्क ठेक्का नलागेको हुदाँ सो उठाउने जिम्मा वडा न . ४ लाई राजस्व परामर्श समिति को निर्णय अनुसार दिने निर्णय गरियो।

## निर्णय न. ३

आर्थिक सहायतता वितरणको कार्यविधि नबन्दा सम्मको लागि उप -प्रमुखले तोके अनुसार बजेट को परिधि भित्र रही उपलब्ध गराउने निर्णय गरियो।

## निर्णय न.४

स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम अन्तरगत सामाजिक परिचालक हरुको म्याद सकिएकोमा स्थानीय बिकाश मन्त्रालयको च.न.२५ मिति २०७४ .०९ .१४ को पत्रको बुदा न.४मा उल्लेख भएको अनुसार सामाजिक परिचालकहरुको म्याद ३ महिना थप गर्ने र सेवा सन्तोष जनक भएमा २०७५ असार मसान्तसम्मको लागि म्यादथप गर्ने निर्णय गरियो।

## निर्णय न. ५

नगर क्षेत्र मा न .पा .को राजस्व परामर्श समिति ले तोकेको दररेट मा राजस्व उठाउने निर्णय गरियो।

## निर्णय न . ६

कार्यबोझको कारणले थप ईन्जिनियर माग गर्न नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा १ जना ईन्जिनियर माग गर्ने वा कन्टिनजेन्सीबाट खर्च बेहोर्ने गरि प्रकृयापूरा गरी करारमा नया नियुक्ति गर्ने निर्णय गरियो।

## निर्णय न. ७

नेपाल सरकार बाट प्राप्त बन रोयल्टी बापत प्राप्त हुने रकम न .पा. लाई उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

Scanned by CamScanner

निर्णय न. ८

नेपाल खाद्य सस्थांन शाखा कार्यालय बैतडीको नाम मा दर्ता श्रेस्ता भएको कि .न . ३४२ को अन्दाजी ५ रोपनी जग्गा नगरपालिकाले खरिद गर्न नेपाल सरकार आपूर्ति मन्त्रालय तथा नेपाल खाद्य सस्थांन केन्द्रीय कार्यालयमा लेखि पठाउने निर्णय गरियो।

निर्णय न .९

न .पा. भित्र रहेका स्वास्थ्य संस्था मा अ.हे .ब. तथा अ .न .मि . भर्नाको लागि नगरको आवश्यकता , दरबन्दी तथा बजेटको व्यवस्था गरि पदपूर्ति गर्न न .पा. लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय न . १०

नगरसभा बाट स्वीकीर्त भएका योजनाहरु २०७४ फागुन मसान्त सम्म पनि संचालनमा नआएका वा आउन नसक्ने योजनाहरु वडास्तर का भए वडा समितिले र नगर स्तरीय कार्यक्रम न .पा. बोडले संशोधन गरि अर्को कार्यक्रममा लगाउन सक्ने गरि अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय न .११

दैनिक भ्रमण भत्ता नियमावली २०६४ अनुरुप १५ कि .मी. भित्र दैनिक भ्रमण भत्ता नपाउने व्यवस्था भएकोले अनुगमन गर्ने कार्यको लागि अधिकृतस्तरको कर्मचारी तथा पदाधिकारीको लागि रु.१,०००। – (एक हजार ) र सहायक स्तरको कर्मचारी लाई रु .८०० (आठ सय ) र कार्यालय सहयोगीको लागि रु ५००। – (पाचसय ) अनुगमन गरेको दिनको लागि उपलब्ध गराउने निर्णय गरियो।

निर्णय न . १२

खेलकुद संचालनार्थ प्रत्येक वडाको लागि उपयुक्त स्रोतबाट रु . २५,०००। – हजार व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय न . १३ .

वडाको संख्या थप गर्न र अन्य न .पा .तथा गा.पा. का क्षेत्रहरु यस न .पा. मा समाबेश गर्न देहाय बमोजिम गर्ने निर्णय गरियो।

साबिक १ न .वडा गुरुखोलालाई २ वडा बनाउने।

साविक २ न. वडा देहिमान्दौलाई २ वडा बनाउने।

साविक ४ न .खलंगालाई ३ वडा बनाउने।

साविक ५ न . वडा लाई २ वटा वडा बनाउने।

Scanned by CamScanner

साविकको ६ न .वडा थालिगाडा लाई २ वटा वडा बनाउने।

साविकको ९ न . वडा ग्वाल्लेकलाई २ वटा वडा कायम गर्ने।

## निर्णय न .१४

नेपालको संबिधान २०७२ को धारा २१७ बमोजिम न्यायीक सम्पादन गर्नको लागि उपयुक्त पारिश्रमिक दिई कानुनी सलाहकार राख्ने निर्णय गरियो।

## निर्णय न . १५ .

हाल मेलौली न .पा . तत्कालिन दुर्गास्थान गा.बि.स. को वडा न .३ ,८, र ९ मा पर्ने ढणउन र स्याडी टोल हाल द .न.पा वडा न ७ .मा समाबेश गर्न सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो।

## निर्णय न .१६

हाल पंचेश्वर गाउँपालिका साविक गिरेग़डा गा.बि.स .को वडाको बदरकोट जेबलकट्टे र धिरमाडा टोल लाई न.पा.मा समाबेस गरि छुट्टै वडा बनाउनका लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

## निर्णय न . १७

निर्माण संग सम्बन्धित योजनाको भुक्तानीको लागि उप -प्रमुख अनुगमन गरि कार्य सम्पन्न भएको अवस्थामा मात्र भुक्तानी गर्ने ब्यवस्था मिलाउने निर्णय गरियो ।

## निर्णय न .१८

दशरथचन्द न .पा .स्थित गडीमा रहेको दशरथचन्दको सालिक निर्माण कार्य गर्न पूजीगत सुधार शीषकबाट खर्च गरि गर्ने निर्णय गरियो

## निर्णय न १९ .

नगरपालिकामा प्राप्त हुने अन्य स्रोत वा कुनै योजना सन्चालन नआएमा उक्त रकम न .पा. बोर्डले बिनियोजन गरि खर्च गर्न सक्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

## निर्णय न . २०

तपशिल बमोजिम दशरथचन्द न .पा. प्रबक्ता चक्र प्रसादशर्माज्यू बाट पेश भएको आ .व.२०७४।०७५ को नीति तथा कार्यक्रम देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

Scanned by CamScanner

## दशरथचन्द नगरपालिका नगर कार्यपालिकाका प्रमुखज्यूको आदेशानुसार यस न.पा. प्रवक्ता चक्र प्रसाद शर्माज्यूबाट पेश भएको आर्थिक वर्ष २०७४।०७५ को नीति तथा कार्यक्रम

नगर प्रमुखज्यू, उप प्रमुखज्यू, उपस्थित अतिथिगण,सम्पूर्ण सभासद् मित्रहरू !

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भै सोही संविधानको आधारमा सम्पन्न स्थानीय तहको निर्वाचनद्वारा गठन भएको ऐतिहासिक दशरथचन्द नगरपालिकाको आर्थिक वर्ष २०७४ /७५ को नीति तथा कार्यक्रम यस गरिमामय दोस्रो दशरथचन्द नगर सभासमक्ष प्रस्तुत गर्न लागि रहँदा म आफूलाई गौरवान्वित भएको महसुस गरिरहेको छु ।

यस ऐतिहासिक अवसरमा नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन, सामाजिक विभेद को अन्त्य गर्न साथै मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा आत्मोत्सर्ग गर्नु हुने नेपाल आमाका वीर सपूतहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । साथै यस अवसरमा नेपालका राजनीतिक, सामाजिक आन्दोलनको नेतृत्व प्रदान गर्दै मुलुकको प्रगति र समृद्धिका लागि सम्पूर्ण जीवन समर्पण गर्नु हुने तथा विभिन्न राजनीतिक विचारको नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रज नेताहरूप्रति सम्मान प्रकट गर्न चाहन्छु ।

दशरथचन्द नगर एउटा ऐतिहासिक नगर पनि हो । दशरथचन्द नगरको विकासलाई यहाँसम्म पुऱ्याउन धेरै अग्रज महानुभावहरुले योगदान पुऱ्याउनु भएको छ । म यस ऐतिहासिक घडीमा दशरथचन्द नगरको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने दशरथचन्द नगरका प्रथम नगरपालिका बोर्डदेखि हालसम्मका पदाधिकारी तथा सदस्य मित्रहरू, विकासप्रेमी नगरवासी आमा, बुबा तथा दाजुभाइ, दिदीबहिनीहरू, राष्ट्रसेवक कर्मचारी मित्रहरूका साथै सदैव नगर नेतृवलाई सचेत रहनु हुने सञ्चारकर्मी मित्रहरू एवं नगरको विकासमा सधैं सकारात्मक सुझाव प्रदान गर्नु हुने सबै राजनैतिक दलका मित्रहरूप्रति सम्मान प्रकट गर्दछु ।

नेपाली जनताको आन्दोलनद्वारा प्राप्त उपलब्धीहरूलाई संविधानले व्यवस्था गरे बमोजिम हालै सम्पन्न स्थानीय तहको निर्वाचनबाट अधिकार सम्पन्न स्थानीय तहको गठन भैसकेको छ । लामो समयसम्म राजनीतिक नेतृत्वविहिन रहेको नगरभित्र नगरबासीहरूमा विकास निर्माणको चाहना अधिक हुनु स्वाभाविक नै छ । यस्तो अवस्थामा उपलब्ध साधन स्रोतको समुचित व्यवस्थापन र प्रयोगद्वारा नगरवासीको चाहना बमोजिम दशरथचन्द नगरको समृद्धि र विकासको लागि अधिकतम प्रगति हासिल गर्ने कुरामा नगर कार्यपालिका सफल हुने छ भन्ने मैले विश्वास लिएको छु ।

स्थानीय सरकारमा जनताको सहज पहूँच र जनतासँग निकटता हुने भएको हुँदा जनता र जन–प्रतिनिधि मुलुक संस्थाबीच अन्योन्याश्रित सम्बन्ध कायम राख्न कटिबद्ध रहने छ । बहुजातिय, बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त दशरथचन्द नगरलाई समृद्धिका वाटोतर्फ डोऱ्याउन यहाँ रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक पुरातात्विक सम्पदा र दशरथचन्द

Scanned by CamScanner

नगरका विशेषताहरूको संरक्षण, संवर्द्धन गर्दै नयाँ संभावनाहरूको खोजी पनि गर्नु पर्ने आवश्यकता रहेको छ । नगरवासीले हामीलाई सुम्पिएको जिम्मेवारी तथा सुशासन, विकास र समृद्धिको जन आकांक्षा पूरा गर्न म लगायत सम्पूर्ण कार्यपालिका यस कार्यका लागि अहोरात्र लागि पर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

दशरथचन्द नगर नगरबासीहरू को विकास प्रतिको इमान्दारीता विगतमा पनि उदाहरणिय रहेको थियो यस नगरले प्रयोगमा ल्याएको जनसहभागिता र सहकार्यको दृष्टान्तले नेपालका थुप्रै नगरहरूको विकासमा अग्रणी र नेतृत्वदायी भूमिका खेलेको विदितै छ । आगामी दिनहरूमा पनि थुप्रै चुनौतीहरूलाई पार गर्दै प्रतिकुलताहरू लाई अवसरमा परिणत गर्न हामी बीचमा विविधता बीचको एकता, सामाजिक सद्भाव, साँस्कृतिक ऐक्यबद्धता तथा आपसी सहिष्णुता कायम राख्दै लक्ष्य प्राप्तिका निमित्त सक्षम हुनेछौं भन्ने विश्वास लिएको छु ।

कृषि, शिक्षा, स्वास्थ्य,सुरक्षा, पर्यटन, सीप विकास, आय आर्जन, नविकरणीय उर्जा, वातावरण तथा जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा व्यापारिक पूर्वाधारयुक्त बहु-सांस्कृतिक, आवासिय समृद्ध शहरलाई विशेष क्षेत्र कायम गरि प्राथमिकता प्रदान गरिएको छ । अतः दशरथचन्द नगरको दूरदृष्टिलाई चरितार्थ गर्न जातिय, धार्मिक, भाषिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त सामाजिक एकता भएको प्राकृतिक सौन्दर्यताले भरिपूर्ण दशरथचन्द नगरलाई शैक्षिक, आर्थिक र सामाजिक रुपमा समृद्ध बनाउन हाम्रो नेतृत्वमा रहेको नगर कार्यपालिकाले निम्नानुसारका नीति तथा कार्यक्रम तर्जुमा गरेको छ ।

## सार्वजनिक सेवा तथा क्षमता विकास

### क.) सुशासन र पारदर्शिता

१. दशरथचन्द नगरलाई आकर्षक, स्वच्छ, स्वस्थ र जनमैत्री सिटीको रूपमा रूपान्तरण गर्न आवश्यक पूर्वाधारहरू विकास गर्ने नीति अवलम्बन गरिने छ ।

२. नगरपालिकाको कार्य सञ्चालन र प्रशासनिक कार्यलाई छिटो, छरितो, प्रभावकारी, पहुँच योग्य, पारदर्शी, भ्रष्टाचारमुक्त,जनमैत्री र नतिजामूलक बनाई सुशासन स्थापना गर्ने नीति अवलम्वन गरिनुका साथै यसका लागि नगरपालिका र वडाहरूको संगठनको पुर्नसंरचना गरिने छ ।

३. नगरपालिकाको संस्थागत क्षमता विकास गर्न नव निर्वाचित जनप्रतिनिधि तथा नव- समायोजित कर्मचारीहरुलाई अभिमुखीकरण, तालिम, गोष्ठी,अध्ययन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ ।साथै जनशक्तिको उत्प्रेरणा र क्षमता विकासका लागि स्वदेश तथा विदेशमा हुने भ्रमण तथा तालिम कार्यक्रममा जन प्रतिनिधिहरु तथा कर्मचारीहरूलाई सहभागी गराइने छ ।

४. नगरपालिका कर्मचारी व्यवस्थापन नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । कर्मचारीको क्षमताविकास, अनुशासन, र वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइने छ ।

Scanned by CamScanner

५. नगरलाई विद्युतिय सुशासनको सञ्जालमा समाविष्ट गर्नका लागि आवश्यक पूर्वाधार तयार गरिने छ ,साथै सम्वन्धित सूचनाहरुको व्यवस्थित अभिलेखका लागि आधुनिक सूचना प्रणालीको प्रयोग गरिने छ ।

६. कार्यालयवाट सम्पादन गरिने योजना तथा कार्यक्रमहरुमा पेश्की तथा बेरुजू तर्फ क्रमश: शून्य सहनशीलताको नीति लिईनेछ ।

७ नगरपालिका क्षेत्रमा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुको प्रभावकारी अनुगमनका लागि सरकारी तथा गैरसरकारी विकास साझेदार निकायहरु सम्मिलित एक अनुगमन समिति वनाई नियमित अनुगमनमा जोड दिईनेछ ।

८. कार्यालयको अभिलेख पद्धतिलाई व्यवस्थित गरिने छ । सबै नगरवासीहरूको जग्गाको जग्गाधनी प्रमाण-पूर्जाहरू अद्यावधिक गर्न जोड दिईने छ । साथै दशरथचन्द नगरको वैज्ञानिक नापी सम्पन्न गर्नका लागि निकट भविष्यमा कार्ययोजना प्रारम्भ गरिने छ ।

९. भूमिसुधार तथा भू-उपयोग नीति तयार गरी जग्गाको व्यवस्थापन तथा अन्य आवश्यक योजना तर्जुमा गरिने छ ।

१०.सवै नागरिकहरुको सूचनामा पहुंच अभिवृद्धि गर्न र नगरका कृयाकलापहरुमा पारदर्शिता हासिल गर्न नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता माध्यमको प्रयोग गरिने छ ।

११.सुशासन कायम गर्न नागरिक निगरानी कर्ताको रुपमा नागरिक समाजको भूमिकालाई सामाजिक परिचालन कार्यविधिमा व्यवस्था भए बमोजिम प्रभावकारी वनाईने छ ।

Scanned by CamScanner

## ख.) उपभोक्ता हित, आपूर्ति तथा नियमन व्यवस्थापन

१. जनताको स्वास्थ्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित खाद्यान्नको गुणस्तर कायम गर्न विषादि प्रयोग नभएको गुणस्तरयुक्त खाद्य सामग्रीको मात्र आपूर्ति व्यवस्था मिलाउने संस्थागत व्यवस्था गरी अनुगमन तथा कार्यवाहीमा जोड दिइने छ ।

२. आम नागरिकहरुसँग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको यथोचित मूल्य,आपूर्ति र गुणस्तर कायम गर्न स्थानिय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।

३. खाद्यपदार्थ, वायु, जल, माटो परीक्षणका लागि सरोकारवाला निकायहरूको सहकार्यमा प्रयोगशाला सेवा सञ्चालन गरिने छ ।

४. छाडा वा सामुदायिक पशुपन्छी तथा कुकुर-पालन सम्बन्धी मापदण्ड र कार्यविधि बनाई लागु गरिने छ ।

५.नगरक्षेत्र भित्र अव्यवस्थित रुपमा संचालनमा रहेका खाद्यान्न,तरकारी,मासुजन्य,सुन चादी तथा अन्य उपभोग्य पसलहरुको सम्बन्धित निकायहरुसंगको समन्वयमा नियमित अनुगमन गरी खाद्य गुणस्तर कायम गर्दै खाद्य सुरक्षाको हकमा सवै नगरवासीको पहुच स्थापित गर्न पहल गरिने छ ।

## ग.) समुदाय परिचालन

१. टोल सुधार समितिहरूको सहकार्यलाई ब्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक मापदण्ड तयार गरी उनीहरूको काममा कटिबद्धता, पारदर्शिता तथा समावेशिता आदिका आधारमा मूल्याङ्कन गरी पुरस्कृत गर्ने योजना ल्याइने छ ।

२. सामाजिक विकासमा टोल विकास संस्था र गैरसरकारी संस्थाको भूमिका परिभाषित गर्दै गैसससँग को सहकार्य र परिचालन सम्वन्धी मापदण्ड बनाइने छ ।

३.सुशासन कायम गर्न नागरिक निगरानीकर्ताको भूमिका महत्वपुर्ण हुन्छ । तसर्थ नागरिक निगरानी कर्ताका रुपमा रहेका वडा नागरीक समाजको भूमिकालाई सामाजिक परिचालन कार्यविधिमा व्यवस्था भए बमोजिम प्रभावकारी वनाईने छ ।

Scanned by CamScanner

# सामाजिक विकास

## क.) बालबालिका

१. बालबालिका मैत्री समुदाय र समुदायमा आधारित बालविकास कार्यक्रम सञ्चालन गरि बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास तथा सहभागिता सम्बन्धी अधिकारहरुलाई सुनिश्चित गर्दै बालमैत्री सहरको रूपमा द.न.पा.लाई स्थापित गरिने छ । साथै दशरथचन्द नगरलाई बाल विवाह तथा बालश्रम मुक्त नगर बनाइने छ ।

२. बालबालिकाहरुलाई आधारभूत तहमै अनौपचारिक नागरिक तथा नैतिक शिक्षामा जोड दिइने छ ।

३. सामुदायिक पुस्तकालयहरूको आवश्यकतानुसार स्थापना र स्तरोन्नति गरी बाल-पुस्तकालय, ई-पुस्तकालय सञ्चालनमा समेत जोड दिइने छ ।

४. बालबालिकाहरुको सहभागिता, क्षमता विकास र नेतृत्व विकास लगायतका क्रियाकलापमा उनीहरूको सहभागिता बढाइने छ । नगरको योजना निर्माण प्रकृयामा बालबालिका तथा युवाहरूको सहभागिता सुनिश्चित गरिने छ ।

५. विद्यालयस्तरका बालबालिकाहरूको मानसिक तथा शारीरिक विकासका लागि नियमित खेल प्रतियोगिता सञ्चालनमा ल्याइने छ । विद्यालयहरूमा नियमित रूपमा खेलकुद तथा अन्य प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

६ वालवचाउ, वाल संरक्षण, वालविकास र अर्थपूर्ण वाल सहभागिता जस्ता वाल अधिकारका सवालहरुलाई नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्न जरुरी भएकाले वालमैत्री स्थानीय शासन (**Child friendly local governance**) लाई प्रभावकारी रुपमा लागू गरिने छ ।

## ख .शिक्षा

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ । नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवम् दिगो विकासका लक्ष्य अनुरूप समावेशी र सम न्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउन समेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ । .अतः नेपालको संविधानले व्यवस्था गरेको शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गर्न तथा दशरथचन्द नगरलाई नमूना प्राज्ञिक शैक्षिक अनुसन्धान केन्द्रको रुपमा विकास गर्न निम्न शिक्षा नीतिहरु अवलम्बन गरिने छ ।

१. वडा तथा नगर शिक्षा समितिको गठन एवं शिक्षा योजनाहरु बनाई कार्यान्वयन गरिने छ ।

२. शैक्षिक प्रशासनमा निरन्तर सुधार, नव प्रवर्तन, गुणस्तर र सुशासनलाई संस्थागत गर्ने नीति अवलम्बन गरिने छ ।

Scanned by CamScanner

३.प्रतिस्पर्धी,उद्यमी र नवप्रवर्तनशील मानव पूंजीको विकास गर्न शिक्षालाई सिपयुक्त, समय-सान्दर्भिक र गुणस्तरयुक्त बनाउन वैकल्पिक उपायहरू समेतको अवलम्बनबाट सबै तह एव प्रकारको शिक्षा र सीपमूलक तालिममा सबै नगरबासीहरुको समतामूलक पहुँच र गुणस्तर अभिवृद्धि र सुनिश्चित गरिने छ ।

४. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ,निशुल्क माध्यमिक शिक्षा, अनौपचारिक र जीवनपर्यन्त शिक्षा पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिने छ ।

५.आर्थिक सामाजिक रूपान्तरण, रोजगारी,स्वरोजगारीका र उद्यमशीलता विकास गर्न कक्षा ९ देखि नै प्राविधिक र व्यावसायिक शिक्षाको बिकास, विस्तार गर्ने नीति अवलम्बन गरिने छ । निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको विस्तार गरिने छ ।

६.माध्यमिक तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम आधारभूत सुविधाहरूको सूची (common minimum physical standards) निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गरी लागू गरिने छ ।

७.शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्वजनिक विद्यालय शिक्षाको गुणस्तरको बृद्धि गर्न पारस्परिक सहयोग, सहकार्य र समन्वय बृद्धि एवम् असल अभ्यास र अनुभवहरुको आदानप्रदान गरिने छ ।

८.चार वर्ष उमेरका सबै बालबालिकाको एक वर्षे प्रारम्भिक बाल बिकास र शिक्षाको सुनिश्चतताको लागि आवश्यकता, जनसङ्ख्या र भूगोलको आधारमा नक्साङ्कन गरी ECD/PPC हरुको पुनर्संरचना गरिने छ । सबै ECD/PPC हरुलाई क्रमशः बालमैत्री बनाईनेछ ।

९.विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकासका विधिहरूको प्रभावकारी उपयोग गर्दै लगिने छ ।

१०.विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिने छ । सामुदायिक विद्यालयमा विद्यार्थी र अभिभावकको आकर्षण बृद्धि गर्न अंग्रेजी शिक्षण भारमा बृद्धि गरिने छ । आधारभूत तहमा माग र आवश्यकता देखिएको क्षेत्रमा स्थानीय मातृभाषा तथा अंग्रेजी माध्यमबाट शिक्षण सिकाइलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गर्न जोड दिइने छ ।

११.भिन्न सिकाइ आवश्यकता भएका, जोखिममा परेका तथा सीमान्तकृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिने छ । आर्थिक रूपले विपन्न,दलित समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिने छ ।

Scanned by CamScanner

१२.सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै लगिने छ।

१३.सबै धार, प्रकार र तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउन विद्यालयहरूको अनुगमनलाई थप प्रभावकारी बनाइने छ।

१४.विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादन स्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागू गरिने छ।

१५.शिक्षकहरूको प्राज्ञिक उन्नयन एवम् पेशागत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिने छ।

१६.प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता विकास र व्यवस्थापकिय सुधारका लागि अनुगमन तथा निरीक्षणमा संलग्नता बढाउने नीति कार्यक्रम अवलम्बन गरिने छ।

१७.विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लागू गरिने छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरि पुरस्कार तथा दण्डको व्यवस्था गरिने छ।

१८. जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साङ्कन गरि पुनर्संरचना गरिने छ। हचुवाको भरमा विद्यालय खोल्ने परिपाटिको अन्त्य गर्दै नक्शाकंन, आवश्यकता, विद्यार्थि बृद्धिदरको समेत ख्याल गरी विद्यालय स्थापना गर्ने परिपाटि वा अभ्यासको कार्यान्वयन गरिने छ। न्युन विद्यार्थी भएका विद्यालयहरुको एकिकरण लाई प्राथमिकता दिईने छ।

१९. ECD/PPC र विद्यालयहरुको मिलान, समायोजन वा समन्यायिक बितरण, शिक्षक दरबन्दी मिलान समायोजन र काज फिर्ता, तथा शिक्षक विद्यार्थिको नियमितता बृद्धि गर्ने कार्यलाई उच्च प्राथमिकता दिईने छ।

२०.SIP मा आधारित अनुदान वितरण प्रणालीको अवलम्बन गर्दै अनुदान वितरणलाई उपलब्धि र गुणस्तरसंग जोडी थप अनुदानको व्यवस्था गरिने छ। छात्रवृत्ति वितरण कार्यलाई वस्तुगत बनाई गरीब, जेहेन्दार तथा लक्षित समूह केन्द्रित गरिने छ।

२१..साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानिय संघसंस्थाहरूसँग सहकार्य गरिने छ। अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरिने छ। यसका साथै निरक्षर र नव साक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक अध्ययन केन्द्र,स्वयंसेवक तथा बिद्यार्थीहरु परिचालन गरिने छ। साक्षर नगरको मापदण्ड पूरा गरी द.न.पा.लाई साक्षर नगर घोषणा गरिने छ।

Scanned by CamScanner

२२ विद्यार्थीहरूको सिकाइमा विपद् व्यवस्थापन सम्बन्धि विषयबस्तुहरू समावेश गरिने छ । .सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरि विपद् प्रतिरोधी बनाइने छ। नयाँ विद्यालय भवन निर्माणका नमूना डिजाइनहरू बहु प्रकारका, विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरि बनाइने छ।

## लैङ्गिकता तथा सामाजिक समावेशीकरण

१. समन्यायिक, लैंगिक समतामुखी र समावेशी विकासको अवधारणा अवलम्बन गर्दै लक्षित वर्ग क्षेत्र र समुदायको आर्थिक, सामाजिक एंव सांस्कृतिक अधिकार , अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुच सुरक्षित गर्न तथा लक्षित वर्गको जीवनस्तरलाई माथि उकास्न कार्यक्रमको छनौट, परिचालन र व्यवस्थापनमा लक्षित वर्गकै आवाजलाई प्राथमिकता दिई सो को कार्यान्वयनका लागि आवश्यक वजेट व्यवस्था गरिने छ । यसका लागि महिला, वालवालिका, पिछडिएका वर्ग, सुकुमबासी, शहरी गरिब, सीमान्तकृत , अल्पसंख्यक जस्ता लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याउन बिशेष कार्यक्रमहरू सञ्चालन गरिने छ । संबद्ध संघ संस्थाहरूसँग समेत सहकार्य गरी सामाजिक समावेशीकरणलाई नतिजामुखी बनाइने छ ।

२. नगरलाई महिला तथा लैङ्गिकमैत्री बनाउन आवश्यक पहल गरिने छ ।

३. यस कार्यालय वाट नगरक्षेत्रमा वितरण गरिने सामाजिक सुरक्षा भत्ताको रकमलाई बैंकिङ्ग प्रणाली मार्फत वितरण गरिने व्यवस्थालाई आगामि आ.व. मा थप प्रभावकारी वनाउदै लगिने छ । तर सरकारले उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता एकल महिला, अशक्त, जेष्ठ नागरिकलाई घरघर मै उपलब्ध गराउने सुविधा मिलाइने छ । जेष्ठ नागरिकहरूका लागि कल्याणकारी कार्यक्रम सञ्चालनमा ल्याइने छ। वडास्तरमा समेत जेष्ठ नागरिकका कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

४. उच्च शिक्षा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीहरू लाई अध्ययन सामग्री तथा उपकरणहरू उपलव्ध गराइने छ । अपाङ्गगता भएका व्यक्तिहरूको आय आर्जन र स्वावलम्बी जीवन यापन गर्न सम्वद्ध संस्थाहरूसँग सहकार्य गरिने छ ।

५. आमा समूह र महिला स्वास्थ्य स्वयंसेविका मार्फत प्रदान गरिँदै आएको सेवालाई अझ विस्तार गरि यसको प्रभावकारिता अभिबृद्धि गरिने छ ।

६.सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन गरि गर्भवती महिलाहरूका लागि पोषण भत्ता प्रदान गरिने छ । सुरक्षित मातृत्व कार्यक्रमबाट वञ्चित समुदायमा सो कार्यक्रम प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न प्रयत्न गरिने छ ।

७. एकल महिलाहरूको आत्मसम्मान बढ्ने, आर्थिक विकास तथा स्वावलम्वनको कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

८. लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको आत्म सम्मान बढ्ने कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

Scanned by CamScanner

९.विपन्न, दलित, आदिबासी, जनजाति लगायत पछाडि परेका वर्ग र समुदायका लागि विशेष, कल्याणकारी, आयमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

११. सरोकारवालाहरूको समन्वयमा वडा वडामा जेष्ठ नागरिक चौतारी सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१२. असहाय, वृद्ध वृद्धा,एकल महिला तथा पुरुषहरूका लागि बृद्धाश्रम ,आमाघर सञ्चालनमा ल्याइने छ ।

१३. ज्याला विभेदको अन्त्य गर्दै समान कामको लागि समान ज्याला नीति कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनेछ ।

१४ महिला हिंसा मुक्त नगर बनाउदै हिंसा पीडितको लागि सेवा केन्द्र स्थापना गरिने छ ।

१५. महिला उद्यमशिलता प्रवर्द्धन , महिला सशक्तिकरण र विकासकालागि महिला विकास समिति गठन गरी सञ्चालन गरिने छ ।

## आदिवासी जनजाती

१. आदिवासी जनजातीहरुको कला, संस्कृति, मातृभाषा, धर्म आदिको संरक्षण, सम्बर्द्धन तथा विकास गर्ने नीति अवलम्बन गरिने छ ।

२. लोपोन्मुख , पछाडि परेका वा पारिएका, सीमान्तकृत समुदायका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

## युवा

१. युवाहरूको विस्तृत तथ्याङ्क संकलन गरि वेरोजगार युवाहरूको लगत अद्यावधिक गरि राखिनेछ ।

२. युवा सरोकारका विषयहरूलाई नगर युवा समिति मार्फत व्यवस्थित गरिने छ ।

३. युवा तथा खेलकुद सम्बन्धी कार्यक्षेत्र भएका संघ संस्था, क्लव, निकाय तथा कम्पनीहरूसँग समन्वय, सहयोग र सहकार्य गरी दीर्घकालीन लक्ष्य हासिल गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ ।

४. युवाहरूलाई दुर्व्यसन मुक्त बनाउन सचेतनामूलक एवं उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

५. युवाहरूलाई सामाजिक सेवामा उत्प्रेरित गरी सामाजिक एवं सचेतनामूलक कार्यमा संलग्न गराउन स्वयंसेवकहरू परिचालन गरिने छ ।

६. प्रत्येक घरमा एक जना युवालाई रोजगार वा स्वरोजगारको प्रत्याभूति हुनेगरि रोजगारमूलक वा उद्यमशील सीप विकास कार्यक्रम तयार गरी लागू गरिने छ । निजी क्षेत्रसँगको सहकार्यमा रोजगारीका अवसरका तथ्याङ्क सङ्कलन गरी रोजगार सूचना कन्द्रको स्थापना गरिने छ ।

Scanned by CamScanner

७. युवा उद्यमशीलताको विकास गर्दै बेरोजगारी समस्या समाधान गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ । गृहिणी महिलाहरूका लागि घरमै रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन दिइने छ । यसका लागि सहकारीलाई परिचालन गरिने छ ।

### खेलकुद :

१. द.न.पा.तथा बैतडीमा उद्गम भएका स्थानिय, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्व भएका खेलहरूलाई विशेष प्रोत्साहन गरिने छ ।

२.खेलकुद समितिगठन गरि खेलकुद योजना तर्जुमा गर्नुका साथै मेयर कप सञ्चालन गरिने छ ।

३. स्वस्थ जीवनका लागि युवाहरूलाई खेलकुदप्रति आकर्षित गर्न नगर स्तरिय खेल प्रतियोगिताहरू नियमित रूपमा सञ्चालन गरिने छ । व्यायाम र खेलकुदलाई शहरी बासिन्दाको जीवन पद्धति बनाउन वडा वडामा योग, प्रशिक्षण, खेलकुद प्रशिक्षण शिविरजस्ता कार्यक्रमहरू सञ्चालनमा ल्याइने छ ।

४. नगरका प्रतिभाशाली खेलाडी र अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता खेलाडीहरूका लागि सम्मान स्वरूप पुरस्कारको व्यवस्था मिलाइने छ ।

५. सामुदायिक विद्यालयहरुमा खेलकुद प्रशिक्षकको व्यवस्था गरि खेलकुदको विकास गरिने छ ।

६.जिल्ला स्तरिय खेलकुदका कार्यक्रमहरू सञ्चालन गर्न योग्य सुविधा सम्पन्न विषयगत स्टेडियम र कभर्ड हल निर्माण गर्न पहल गरिने छ ।

## स्वास्थ्य नीति

१.स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण गुणस्तरिय स्वास्थ्य सेवा प्रणालीको विकास गरि स्वास्थ्य सेवालाई सबै नागरिकहरुको पहुचयोग्य र सर्वसुलभ बनाईने छ ।

२.गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरबासीको पहुँच पुऱ्याउन अनिवार्य स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरी क्रमशः अधिकतम स्वास्थ्य सेवा प्रदान गर्दै लगिने छ ।

३.मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रिय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिने छ । तयारी खाद्य वस्तुको बारेमा बढाइ चढाइ विज्ञापन गर्ने कार्यलाई निरुत्साहित गरिने छ । 'सुनौला हजार दिन' सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिइने छ । नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइने छ ।

४.प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिवृद्धि तथा शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको साथै प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य, मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजना, सुनौला हजार जस्ता विद्यमान योजना तथा कार्यकमहरुको प्रभावकारी कार्यान्वयन एवं अन्य प्रवर्द्धनात्मक,



Scanned by CamScanner

निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

५.आफ्नै स्वामित्वमा फार्मेसी संचालन तथा औषधीको आयात र बिक्री वितरण प्रक्रियालाई प्रभावकारी बनाउन नियमनकारी निकायको क्षमता अभिवृद्धि गरिने छ ।

६. क्षयरोग, कुष्ठरोग, यौनरोग तथा एच.आई.भी. एड्स र सर्ने रोगको रोकथाम तथा उपचार अन्य कीटजन्य रोग नियन्त्रण एवम मानसिक स्वास्थ्य निशुल्क आंखा सेवा बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ । लागुऔषध दुर्व्यसन, एचआईभी एड्स तथा हेपाटाइटिस लगायत अन्य कठिन रोगहरूको निदान तथा उपचारमा सचेतनामूलक एवं उपचारात्मक र पुर्नस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७. अतिविपन्न तथा वरिष्ठ, जेष्ठ नागरिकको नियमित एवं नि:शुल्क स्वास्थ्य परीक्षण सेवा घर दैलोमै उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइने छ । विपन्न परिवारका अशक्त जेष्ठ नागरिकहरुलाई नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन पहल गरिने छ ।

८.स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।

९. उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीहरूको संरक्षण एवम् व्यवस्थित विकास गर्ने नीति अवलम्बन गरिने छ।

१०.आयुर्वेद प्रणालीको संरक्षण, क्रमबद्ध विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागु गरिने छ त्यसको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा आयुर्वेदिक औषधीजन्य जडीबुटीको संरक्षण, क्रमबद्ध विकास, विस्तार र उत्पादन वृद्धि गरिनुका साथै आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरूलाई नियमन गरिने छ ।

११.स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न आवश्यक नीति नियम तर्जुमा गरि नियमित रूपमा अनुगमन गरिने छ । स्वास्थ्य क्षेत्रमा कृयाशिल समिति तथा स्वास्थ्यसँग सम्बन्धित मातहतका निकायहरूलाई सक्षम तथा जवाफदेही बनाइने छ ।

१२.स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनुका साथै स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जन-उत्तरदायी बनाउन सुशासनमा जोड दिइने छ ।

१३.केन्द्र तथा प्रदेश सरकार र जिल्ला अस्पतालसंग समन्वयगरी समय समयमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण शिविरको आयोजना गरिने छ ।

१४. जिल्ला अस्पताललाई सुपर स्पेशालिटी हस्पिटलको रूपमा विकास गर्न प्रोत्साहन एवं पहल गरिने छ ।

१५.भविष्यमा दशरथचन्द नगरको उपयुक्त स्थानमा सिटी दन्त,आखा,आदि सेवा प्रदायक अस्पताल सञ्चालन गर्न पहल गरिने छ ।

Scanned by CamScanner

## संस्कृति

१. स्थानीय कला, साहित्य, धर्म तथा संस्कृतिको विकासका लागि दशरथचन्द नगरमा प्रज्ञा प्रतिष्ठान संचालन गर्न  पहल गरिने छ ।

२.नगरपालिका भित्रका विभिन्न समुदायका चाड, पर्व तथा मौलिक संस्कृतिहरूको संरक्षण गर्दै पर्यटकीय गतिविधि तथा अन्य कृयाकलापहरू तयार गरिने छ ।

३. आवश्यक ऐन नियम बनाई स्थानिय पुरातात्विक महत्वका वस्तु, क्षेत्र र सम्पदाहरुको संरक्षण, विकास तथा प्रवर्धनका लागि स्थानीय पुरातत्वविद् तथा वास्तुविद्हरू समेतको सहभागितामा एक अध्ययन समिति गठन गरी आवश्यक कार्यहरु गरिने छ ।

४. नगरभित्र रहेका ऐतिहासिक क्षेत्रहरु, मठ, मन्दिर, पोखरी, ढुंगेधारा लगायतका स्थलहरुको संरक्षण तथा प्रवर्धन गरी जीवन्त राख्न विश्व सम्पदा सूचीमा सूचिकृत गर्न आवश्यक पहल गरिने छ ।

## पर्यटन विकास

१. पर्यटन विकासका लागि वृहत पर्यटन विकास गुरु योजना तयार गरि कार्यान्वयन गरिने छ ।

२. नगरका विभिन्न उपयुक्त क्षेत्रमा पर्यटकीय गतिविधिहरु सञ्चालन गर्न आवश्यक पूर्वाधारको विकास गर्दै लाने नीति लिइने छ ।

३. नगरको पर्यटनको विकासका लागि समिति गठन गरी पर्यटनको पूर्वाधार तथा सम्पदा संरक्षण र पर्यटक भित्र्याउने कार्य सम्पादन गरिने छ । द.न.पा.लाई पर्यटकीय गन्तव्य स्थलको रुपमा विकसित गर्न विभिन्न कृयाकलापहरु सञ्चालन गरी जीवन्त दशरथचन्द नगर  बनाईनेछ ।

४. यस नगर क्षेत्रमा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको क्रमशः निर्माण गरि ती स्थानहरुसम्मको सहज पहुच मार्गको विस्तार र स्तरोन्नति गरिने छ ।

५. द.न.पा.क्षेत्र भित्र छोटो तथा मध्यम दूरीको पदमार्ग अध्ययन गरी सञ्चालनमा ल्याउन प्रोत्साहन गरिने छ ।

६. दशरथचन्द नगर  भित्र पर्यटक आकर्षण हुने व्यवसायको विकासमा प्रोत्साहन गरि जीवन्त शहरको रूपमा विकास गरिने छ । साथै पर्यटन विकासका लागि छिमेकी स्थानीय तहसँग सहकार्य गरि आपसी लाभमा आधारित सहकार्य अघि बढाइने छ ।

७. पुरातात्विक सम्पदा क्षेत्र , मठ, मन्दिर, घाट आदि सबै सार्वजनिक स्थल, सम्पदा क्षेत्र आदिमा सौर्य वा वैकल्पिक ऊर्जाको व्यवस्था गरी उज्यालो दशरथचन्द नगर  बनाउने अभियान सञ्चालन गरिने छ ।

Scanned by CamScanner

८.द.न.पा क्षेत्रलाई आर्थिक समृद्धि र अवसरको केन्द्रको रूपमा विकास गर्न स्वास्थ्य, शिक्षा, वाणिज्य,कृषि, औद्योगिक, प्रविधि तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण बनाइने छ ।

## शहरी पूर्वाधार विकास

१.द.न.पा को २० बर्षे एकीकृत बिकास योजना तयार पारिने छ । दीर्घकालिन योजना अनुरूप पञ्चवर्षीय तथा वार्षिक योजना तर्जुमा गर्दै वडा तथा बस्ती तहसम्मका बिकास कार्यहरू अघि बढाइने छ ।

२. वडाबाट प्रवाह हुने विकास निर्माण तथा अन्य कार्यलाई थप प्रभावकारी बनाउन वडाको जनसंख्या, भूगोल, भौतिक बिकास र सम्पन्नताको आधारमा बजेट विनियोजन गरिने छ ।

३. पूर्वाधार विकास निर्माण कार्यमा समुदायको प्रत्यक्ष सहभागिता र अपनत्व बढाउने कार्य गरिने छ ।

वडास्तरको बिकास निर्माण कार्यमा स्थानिय समुदायको व्यापक सहभागिता र प्रतिस्पर्धा सृजना गर्न स्थानीय टोल सुधार समिति वा टोल विकास संस्थाहरू मार्फत कार्य गरिने व्यवस्था मिलाइने छ । स्थानीय स्रोत र जनसहभागिता जुटाउने खालका योजनाहरु कार्यान्वयन गर्न उपभोक्ता समितिहरुलाई प्राथमिकताका साथ प्रोत्साहित गरिने छ भने ठूला पुर्वाधार निर्माणका योजनाहरु वोलपत्रवाट निर्माण कार्य अगाडि वढाईने र स्थानिय समुदायलाई निगरानीकर्ताका रुपमा सहभागि गराई योजनामा पारदर्शिता र गुणस्तर कायम गरिने छ ।

४. नगरपालिका भित्र विगतदेखि सञ्चालित क्रमागत योजनाहरूलाई आगामि आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ । निर्माण सम्पन्न तथा क्रमागत आयोजनाको आवधिक मर्मत सम्भारका लागि प्रभावकारी योजना बनाइने छ ।

५. नगरपालिकाको निर्माणाधीन कार्यालय भवनको निर्माण कार्यलाई निरन्तरता दिईनेछ । कार्यालयको स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरुको संभार र संरक्षणमा जोड दिदै यसको अर्थपूर्ण उपयोग र परिचालनवाट नगरपालिकाको क्षमता विकास, विस्तार र सुदृढीकरणमा जोड दिईने छ ।

६. वडा कार्यालयका भवनहरूो वर्तमान र भविष्यको आवश्यकता पूरा हुने गरि स्तरोन्नति तथा नयाँ निर्माण गर्दै आफ्नै भवनबाट सेवा प्रवाह हुने व्यवस्था गरिने छ ।

७. समग्र द.न.पा तथा महाकाली बासीको आर्थिक समृद्धि हुने बहु प्रतिष्ठित टाक्लाकोट ब्रह्मदेव करिडोरको निर्माण सम्पन्न गर्न पहल गरिने छ ।

८. द.न.पा का सम्पूर्ण वडाहरूमा पहुच पुर्‍याउनका लागि खोलाहरूमा आवश्यक पुलहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान समेत तयार गरी स्रोतका लागि पहल गरिने छ ।

९.द.न.पा नगरको लागि सुविधा सम्पन्न सभा हल निर्माण गरी सञ्चालनमा ल्याउने तर्फ

Scanned by CamScanner

पहल गरिने छ ।

१०. द.न.पा प्राथमिकता प्राप्त विशेष महत्वका योजनाहरुको पहिचान गरि दशरथचन्द नगर गौरव आयोजनाको रुपमा सञ्चालन गरिने छ ।

११. द.न.पा.का महत्वपूर्ण सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिने छ ।

१२. विद्युतीय तारहरू, टेलिकम लगायतका अन्य तारहरूलाई व्यवस्थित गर्दै सम्भव भएसम्म जमिन मुनि बिछ्याइने छ ।

१३. नगर क्षेत्र भित्र निर्माण गरिने भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री, वालमैत्री,वातावरणमैत्री र लैङ्गिकमैत्री बनाइने

छ ।

१४.नगरभित्रको चक्रपथको अवधारणालाई मूर्तरुप दिइने छ ।

१५. शहरको कृषि क्षेत्रलाई मुख्य बजारसम्म सुगम पहुँच पुऱ्याउनका लागि प्रत्येक वडाका केन्द्रलाई टोल र गाँउ वस्तीहरूसँग जोड्ने र प्रत्येक वडा केन्द्रलाई मुख्य बजारसम्म जोड्नेगरि सडकहरूको विस्तार र स्तरोन्नति गरिने छ ।

१६. भवन तथा योजना मापदण्ड, २०५६ (संशोधन २०७०) लाई आवश्यक परिमार्जन गरी सरल, सहज, प्रभावकारी बनाइने छ । निर्माणकार्य गुणस्तरिय, भूकम्प प्रतिरोधी तथा संलग्न मजदुरहरूको सुरक्षासमेत लाई समावेश गरि कडाइका साथ लागू गरिने छ । भवन निर्माण संहिता लाई प्रभावकारी रुपमा कार्यान्वयन मा ल्याई भविष्यमा हुने भूकम्पिय जोखिमलाई न्युनिकरण गर्न नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट यस सम्बन्धमा गरिएको निर्देशनलाई प्रभावकारी ढंगवाट कार्यान्वयनमा ल्याइने छ ।

१७. संस्थागत, सार्वजनिक तथा ब्यापारिक भवनहरूमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नुपर्ने र वैकल्पिक ऊर्जा प्रयोगलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

१८. आवश्यकतानुसार शव वाहनको व्यवस्था गरी आधुनिक विद्युतीय शव दाह गृह निर्माणको संभाव्यता अधयन र सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

.१९. दशरथचन्द नगरको समृद्धिसँग पनि जोडिएको पाटन एयरपोर्ट पुर्ननिर्माण एवं सञ्चालनका लागि पहल गरिने छ ।

२०. विपन्न वस्तीहरूका लागि विशेष मापदण्ड तयार गरी अत्यावश्यक सेवा सुविधा प्रदान गरिने छ ।

२१.ठूला र अत्याधुनिक भौतिक पूर्वाधार विकास गरी शहरी सेवाको गुणस्तर र क्षेत्र विकास एवं स्थानीय तहमा रोजगारी सृजना गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूपको कार्यक्रम तर्जुमा गरी लागू गरिने छ ।

२२. छिमेकी गाउं नगर जोड्ने पहुंच मार्गको स्तरोन्नति गरि नियमित आवागमन गरिने छ ।

२३. दशरथचन्द नगरको अव्यवस्थित बसोवासी र सुकुम्वासीलाई व्यवस्थित गरिने छ । सोको लागि घर

Scanned by CamScanner

नम्बरिङ, ठेगाना प्रणालीको स्थापना र नमूना वस्ती कार्यक्रमलाई अगाडी बढाउने नीति लिइने छ। कार्यक्रमलाई प्रभावकारी वनाउन विपन्न समुदायको आय स्तर उकास्न आयमूलक सीप प्रदान गरिने छ। सुकम्वासीलाई जग्गा धनी पूर्जा वितरणको लागि आवश्यक नीति तर्जुमा गरिने छ।

## यातायात

१. नगरमा सहज, सुलभ, सुरक्षित र व्यवस्थित एवं दीगो र जन उत्तरदायी सार्वजनिक यातायात सेवा सञ्चालनको व्यवस्था मिलाइने छ। यात्रुलाई समयमै गन्तव्यमा पुग्ने सुनिश्चितताको लागि आवश्यक कार्य गरिने छ।

२. बजार क्षेत्रमा सवारी साधनको निर्वाध आवागमनलाई नियमन र नियन्त्रण गरी पार्किङलाई व्यवस्थित बनाइने छ।

३. नगरका विभिन्न क्षेत्रहरुलाई जोडेर रुट निर्धारण गरि नगर वस सञ्चालन गर्न प्रोत्साहन गरिने छ। नगर भित्रका सडक सञ्जालहरुलाई समयानुकूल संरक्षण, सम्बर्द्धन र स्तरोन्नति गर्दै लैजाने नीति अनुरुप उपलब्ध सीमित स्रोत र साधनको वावजुद प्राथमिकताका साथ जनचाहना र आवश्यकताको सिद्धान्त अनुरुप प्रभावकारी रुपमा अगाडि बढाउनका लागि वजेट को व्यवस्था मिलाईने छ।

४.यस नगर क्षेत्रमा रिंङ्ग रोडको निर्माण, नगरको ढल र फोहोर व्यवस्थापन गर्न ल्याण्ड फिल्ड साईडलाई क्रमश:आयोजना प्राथमिकताको आधारमा कार्यान्वयनमा लैजाने र यसका लागि सम्बन्धित निकाय तथा दातृ निकायहरुका साथ समन्वय र सहकार्य गरि अगाडी बढाइने छ।

५.विकास पूर्वाधार सञ्चालन गर्दा विपद व्यवस्थापनको पक्षलाई प्रारम्भिक चरणवाटै प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ। यसको लागि यस क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरु संग समेत समन्वय र सहकार्य गर्न नीति अवलम्बन गरिने छ।

६.विकास निर्माणका कार्यहरु सञ्चालन गर्दा क्रमागत योजनाहरुलाई औचित्यका आधारमा निरन्तरता दिने व्यवस्था मिलाईने छ।

७. दशरथचन्द नगरको नगर यातायात गुरु योजना (Municipility Transportation Master Plan /MTMP) बनाउने कार्यलाई यसै चालु आ.व.मा अगाडि सारिनेछ। नगर यातायात गुरु योजना ( MTMP) ले प्राथमिकतामा राखेका सडकलाई स्तरोन्नति तथा कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

८. सडक निर्माण र ग्राभेलका कार्यक्रमहरु सञ्चालन गर्दा अत्यावश्यक स्थानहरुको प्राथमिकताका आधारमा गरिने छ। वर्षेनी सडक ग्राभेल गर्दै जाने र वर्षायामको वाढी लगायत विभिन्न कारणले ग्राभेल सडकहरु पुन:मर्मत गरि राख्नुपर्ने अवस्था सृजना हुने गरेको छ। यसले गर्दा प्रत्येक वर्ष नगरपालिका को लगानी वालुवामा पानी हाले जस्तो हुने र दीगो विकासको अवधारणा कार्यान्वयनमा कठिनाई पुग्दै आएकोले हालको अवस्थामा सुधार गर्न नगरपालिकाको लगानीलाई क्रमश कालोपत्रे

Scanned by CamScanner

सडक तर्फ परिचालन गर्ने व्यवस्था मिलाइने छ । सडक कालोपत्रे गर्ने योजना कार्यान्वयन गर्दा सडकको कालोपत्रे सकिएको विन्दु (जिरो) मानी नयां कार्यको थालनी गर्ने व्यवस्था मिलाईने छ ।

९. नगर क्षेत्रमा निर्माण कार्य सम्पन्न भई सकेका भौतिक संरचनाहरुको निरन्तर संचालन हुन सक्ने अवस्था कायम राख्न आवश्यक मर्मत संभार कोष सम्बन्धि व्यवस्था गरी उपलब्ध स्रोत र साधनको उपलब्धता को आधारमा नियमित मर्मत संभारको व्यवस्था मिलाईने छ ।

१०. यस नगरक्षेत्रमा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र पर्यटन प्रवर्द्धन गर्न पुर्वाधारहरुको क्रमश: निर्माण गरि ती स्थानहरुसम्म को पहुच मार्गको विस्तार र स्तरोन्नति गरिने छ ।

११. निर्माणसंग सम्बन्धित योजना तथा कार्यक्रमका मार्गहरुलाई उपलब्ध स्रोत र साधनको क्षमताले भ्याए सम्म सवै वडाहरुमा पुर्वाधार निर्माणका कामहरु अगाडि वढाउने व्यवस्था मिलाईने छ । त्यसका लागि वडा र वस्ती स्तरवाट आएका मागहरु कार्यालय र नगर स्तरिय अनुगमन समिति वाट गरिएको अनुगमनमा औल्याईएका सुझावहरु समेत लाई मध्यनजर गरी कार्यक्रम सञ्चालन गर्ने नीतिगत व्यवस्था मिलाईने छ ।

१२. सडक निर्माण तथा मर्मत संभार कार्यमा जि.स.स.को कार्यालय, सडक डिभिजन कार्यालय, नगरपालिका र सम्बन्धित निकायसंग समन्वय गरि काममा दोहोरोपना आउन नदिन चालु आ.व.मा आवश्यक व्यवस्था मिलाईने छ । यस कार्यलाई आगामी आ.व. मा थप प्रभावकारी वनाउदै लगिने छ ।

१३. विकास निर्माणका पूर्वाधारहरुलाई दीगो र कम खर्चिलो वनाउन वातावरण संरक्षण गर्ने किसिमका क्रियाकलापहरुलाई जोड दिई कार्यक्रम सञ्चालन गरिने छ ।

## खानेपानी सेवा

१.द.न.पा. बासीको स्वच्छ पिउने पानीको अधिकारलाई सुनिश्चित गरिने छ ।

२. भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार ल्याउन सबै जनतालाई गुणस्तरिय आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने नीति लिइने छ ।

३. खानेपानीको चरम अभाव भएका गाउ,टोल, वडाहरुको पहिचान गरि खानेपानी समस्या समाधान गर्न हाल मध्यम स्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने र क्रमागत रूपमा ‘एक घर एक धारा’ अवधारणामा आधारित भई खानेपानी आयोजनाहरूको निर्माण, विस्तार गर्ने र गुणस्तर वृद्धि गर्ने नीति अवलम्वन गरिने छ ।

४. खानेपानी आपूर्तिको लागि हाल सञ्चालित सबै आयोजनाहरु शीघ्रताशिघ्र सम्पन्न गरी स्वच्छ खानेपानीको आपूर्ति गरि द.न.पा. बासीको स्वच्छ पिउने पानीको अधिकारलाई सुनिश्चित गरिने छ । सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको स्थान र अवस्थामा वर्षातको पानी सङ्कलन गर्ने पद्धति विकास आवश्यक भएमा यस तर्फ ध्यान केन्द्रित गरिने छ ।

Scanned by CamScanner

५ खानेपानी स्रोतहरूको अभिलेखन गरिने छ । खानेपानीका स्रोत माथिको व्यक्तिगत एकाधिकारको अन्त्य गर्दै यसको संरक्षण र उचित उपयोग गर्ने, खानेपानी र अन्य प्रयोजनको लागि पानीको बिवेकशील प्रयोगको निम्ति जनचेतना अभिवृद्धि गरिने छ ।

६.स्रोत प्रदूषित हुने तथा वातावरणीय प्रभाव, जलवायु परिवर्तन, र अव्यवस्थित वस्ती ,बन विनासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनु, बढ्दो खानेपानीको अत्यधिक माग, नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्छता कायम गर्न कठिनाइ हुनु एवम् खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकारवालाहरूबीच प्रभावकारी समन्वय हुन नसक्नु जस्ता यस क्षेत्रका प्रमुख चुनौतीहरू समाधान गर्न बिशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।

७.खुला दिसापिसाबमुक्त क्षेत्रको घोषणा भएकोमा सो को व्यवस्थापन गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइने छ । सार्वजनिक स्थान र सरकारी कार्यालयहरूमा सफा शौचालय कार्यक्रम सञ्चालन गरिने छ ।

८. द.न.पा. बासीको स्वच्छ पिउने पानीको अधिकारलाई सुनिश्चित गरिने छ । खानेपानी आपूर्तिको लागि सञ्चालित बृहत एकीकृत सहरी विकास आयोजना सीघ्र सम्पन्न गरी स्वच्छ खानेपानीको आपूर्ति गरिने छ ।

९.स्थानिय समुदायबाट सामुदायिक खानेपानी कार्यक्रम सञ्चालन गरि उपभोग गरिरहेका नगर बासीहरूलाई पुराना ग्राहक सरहको शुल्कमा धारा जडान गरिने छ ।

## वातावरण र ऊर्जा

१. दशरथचन्द नगर पालिकालाई प्लास्टिक मुक्त शहर बनाउनका लागि कार्यविधि बनाई कार्यान्वयनमा ल्याइने छ ।

२. "मेरो शहर मै सफा गर्छु" अभियान सञ्चालन गरी शहरलाई सफा र वातावरणमैत्री शहर बनाउने नीति (CLEAN GREEN PEACE CITY POLICY) अवलम्बन गरिने छ । "सफा घर ,सफा परिवार अभियान" अन्तर्गत सफा घर परिवारलाई पुरस्कृत गरिने छ । साथै सबै सडक किनाराहरूमा फूल तथा सौन्दर्य अभिवृद्धि गर्ने बिरुवाहरू रोपी दशरथचन्द नगरलाई हरियाली शहर बनाईने कार्यलाई प्रोत्साहन गरिने छ ।

३. नगरपालिका क्षेत्रको स्वच्छता र सरसफाईका लागि नगरवासीलाई नै विशेष सक्रिय वनाई स्थानीय समुदाय, संघ सस्था, सरोकारवाला निकायहरुसंग समन्वयात्मक सहकार्य गरि नगरपालिकाको नेतृत्वदायी भूमिका कायम राख्दै नगरक्षेत्रको सरसफाई, स्वच्छता, स्वस्थ र सभ्यतापूर्वक वातावरण निर्माण गर्न नगरपालिकाको मौजुदा श्रोत र साधनलाई अधिकतम उपयोग, परिचालन र व्यवस्थापन गरिने छ ।

४. फोहरमैलालाई स्रोतमा नै व्यवस्थापन गर्न सरसफाई आचार संहिता तयार गरी फोहरमैलालाई व्यवस्थित गरिने तथा फोहरबाट ऊर्जा उत्पादन गर्ने कार्यलाई प्रभावकारी बनाइने छ । फोहरबाट

Scanned by CamScanner

ऊर्जा उत्पादन कार्यक्रमको लागि वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र र प्रवर्धकसँग सम्झौता गरि फोहरको प्रशोधनबाट ऊर्जा उत्पादनको पाइलट परियोजना सम्पन्न गर्न सहकार्य गरिने छ।

५. नगरपालिका क्षेत्रलाई अँध्यारोबाट मुक्ति दिलाई उज्यालो शहर बनाउने नीति अवलम्बन गरिने छ। शहरका विभिन्न स्थानहरूमा सौर्य बत्तीको विस्तार गर्दै लगिने छ।

६. वायु प्रदूषण न्यूनिकरण गर्न आवश्यक नीति तर्जुमा गरिने छ। यसका लागि सवारी साधनहरूको समय समयमा प्रदूषण जाँच गर्न लगाइने छ। साथै अन्य स्थानहरूबाट हटाइएका तथा २० वर्ष पुराना सार्वजनिक सवारी साधनलाई सञ्चालन गर्न नदिने मापदण्ड बनाउन पहल गरिने छ।

७. राष्ट्रिय अभियान अन्तर्गत खुल्ला दिशा मुक्त र यस पछिको पुर्ण सरसफाई अभियान, घर भित्रको धुवामुक्त नगर वनाउने लक्ष्यका साथ सवै सरकारी तथा गैर सरकारी निकायहरुसंगको सहकार्य र समन्वयमा द्रुत गतिमा कार्यक्रम अगाडि वढाईने छ।

८. नेपाल सरकारवाट स्वीकृत वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७० अनुरुप वातावरणमैत्री स्थानीय शासन (Environment friendly local governance)को अवधारणलाई कार्यान्वयनमा ल्याईने छ।

९. साईन बोर्ड तथा होर्डिङ्ग बोर्डको प्रयोगको नियमलाई अद्यावधिक गर्दै नयाँ प्रविधिमा आधारित होर्डिङ्ग बोर्डलाई प्रोत्साहन गरिने छ। व्यक्तिगत भवन तथा अव्यवस्थित रुपमा सार्वजनिक स्थलहरुमा व्यापारिक साईन बोर्ड तथा होर्डिङ्ग बोर्ड राख्न निरुत्साहित गरिने छ।

## विपद् व्यवस्थापन

१. नगरलाई सुरक्षित शहरको रूपमा बिकसित गर्न पूर्वाधारको विकास गर्ने नीति अवलम्बन गरिने छ।

२. विपद् जोखिम न्यूनीकरणका लागि टोल तहसम्म पूर्व तयारी लगायतका कृयाकलापहरूको व्यवस्थित कार्ययोजना बनाई कार्यान्वियन गर्न वडा स्तरिय विपद् जोखिम व्यवस्थापन समिति गठन गरी कृयाशील गराईने छ।

३. भूकम्पिय जोखिम न्यूनिकरण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईने छ।

४. वारुण यन्त्रलाई व्यवस्थित रूपमा सञ्चालन गरिने छ। दुर्गम इलाकाहरूमा आगो निभाउन स्थानिय स्तरमै उपलव्ध साधनको प्रयोग गर्ने गराउने विषयमा अध्ययन र स्रोत परिचालन गरिने छ।

## आर्थिक व्यवस्थापन तथा राजस्व परिचालन

१. स्थानिय शैक्षिक संस्थाहरू तथा निजी प्रतिष्ठानहरू समेतको सहकार्यमा नगरको विकाससँग सम्वन्धित विभिन्न अनुसन्धान तथा नविनतम खोज लगायतका कृयाकलाप सञ्चालन गर्नका लागि सहकार्य अभिवृद्धि गरिने नीति लिइने छ।

Scanned by CamScanner

२.स्थानिय स्रोत र अनुदानबाट प्राप्त हुने पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिने छ ।

३. नेपालको संबिधानको अनुसूची ८ मा उल्लिखित अधिकारको सूची अन्तर्गतको सबै करहरु समेतको दायरा फराकिलो बनाई सबै करदाताहरूलाई करको दायरा भित्र आउने व्यवस्था मिलाइने छ ।

४.कर प्रणालीलाई सरल र पारदर्शी बनाउँदै क्रमशः स्मार्ट कर प्रणाली लागू गर्ने नीति अवलम्बन गरिने छ । नगरपालिका भित्र रहेर पनि करको दायरामा नआएका र आएर पनि नियमित रुपमा नविकरण नगरेका करदाताहरुलाई विधि र करको दायरा भित्र ल्याउन करदाता सचेतना र करदाता शिक्षा सम्वन्धि कार्यक्रमहरु संचालन गरिने छ । नगर कर अनुगमन टोली गठन गरि करदाताहरुको करको विवरण रुजु गर्ने कार्यक्रम संचालन गर्दै ती कार्यक्रमहरुलाई नगरपालिकावाट प्रवाह गरिने सेवासंग आवद्ध गर्दै लगिने छ । नगरपालिकाको आयमा सकारात्मक योगदान पुग्ने ढंगले कर संकलनमा विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप उद्योग वाणिज्य संघ संग पारस्परिक विश्वसनीय, सम्मानित, साझेदारी, र सद्भावपूर्ण वातावरण निर्माण गरी व्यवसायिक कर संकलन तथा व्यवस्थापन पद्धतिवाट सुदृढ गरिने छ ।

५. नतिजामा आधारित खर्च व्यवस्थापन र कार्यक्रम तथा बजेट पद्दतिको अवलम्बन गरिने छ ।

६. साविकमा नेपाल सरकार आन्तरिक राजस्व विभागले समेत सङ्कलन गर्दै आएको घरबहाल कर संविधान अनुरुप हुने गरि सङ्कलन गर्न पहल गरिने छ ।

७. राजस्व सङ्कलन सम्बन्धी स्पष्ट कानून, कार्यविधि, मापदण्ड र सुदृढ संस्थागत संरचना बनाइने छ ।

८. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्य लाई थप प्रभावकारी बनाइने छ ।

९. गैर कर आम्दानीको क्षेत्रहरुको पहिचान तथा पहिचान भएकाको सुदृढ गरि आन्तरिक आम्दानीलाई वृद्धि गरिने छ ।

१०. व्यवसाय करको प्रभावकारी संकलन र व्यवस्थापनको लागि व्यवसाय कर असुली रणनीति तयार गरी वडा तथा नगरस्तरिय कार्यक्रम सन्चालन गरिने छ ।

११. सवारी कर असूलीलाई विशेष कार्ययोजना तयार गरी कार्यान्वयन गरिने छ । करको दायरामा नआएका मोटरसाईकल तथा अन्य साना सवारी साधनहरुको कर असूली विशेष जोड दिईने छ । यसका लागि निजी क्षेत्रलाई समेत परिचालन गरिने छ ।

१२. संस्थागत विद्यालयलाई करको दायरामा ल्याउंदा स्वयं घोषणा कार्यक्रम लागु गरि करको दायरामा ल्याईने छ ।

१३. विज्ञापन कर असूलीलाई प्रभावकारी वनाउन तथा आन्तरीक आय संकलनलाई कम खर्चिलो र दिगो वनाउन निजी क्षेत्र मार्फत कर असुलीको व्यवस्था गरिने छ ।

Scanned by CamScanner

१४. विशेष रणनीति तयार गरि थप विज्ञापन करको क्षेत्रलाई विस्तार गरिने छ।

## उद्योग र प्रविधि विकास

१. स्थानिय उद्यमशीलता, सीप विकास र स्थानीय स्रोत साधनकोउपयोग बाट उत्पादकत्व अभिवृद्धि गरीआर्थिक विकास गर्न व्यवसाय तथा सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्धन गरिने छ।

२. सहरी क्षेत्रमा बढी उत्पादन दिने र बहुमूल्य प्रकृतिका नगदे बालीहरूलाई कौसी खेती मार्फत प्रवर्द्धन गर्ने नीति लिइने छ।

३. नगरक्षेत्र भित्र रहेका विभिन्न खानी तथा खनिज क्षेत्रको सम्भाव्यता अनुसन्धान गरी उपयोगमा ल्याइने छ।

## कृषि, सिचाई तथा पशुपन्छी

१. सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षामा जोड दिने नीति अवलम्बन गरिने छ।

२. अधिकांश कृषकहरू बिपन्न, साना र मझौला स्तरका भएको हुँदा जलवायु परिवर्तन र विभिन्न प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास गर्नु र वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको नकारात्मक असरलाई सम्बोधन गर्नुका साथै तराई पलायन, दोहोरो भू-स्वामित्वको स्थिति र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषिभूमिलाई उपयोगमा ल्याउनुपर्ने नीति अवलम्बन गरिने छ।

३. न. पा.को भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बिउबिजन र प्रविधि, स्रोत साधन, कृषि उद्यमी, युवा तथा सीमान्तीकृत बिपन्न कृषक वर्गको चाहना, तुलनात्मक लाभ तथा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका सन्धि, सम्झौता, प्रतिबद्धता, दिगो विकास लक्ष्य, राष्ट्रिय नीतिहरूमा गरेका प्रतिबद्धतालाई ध्यानमा राख्दै कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्ने नीति अवलम्बन गरिने छ।

४. कृषि क्षेत्रमा भएको लगानी, कृषि ऋणको सहज उपलब्धता, कृषि प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि र कृषिजन्य वस्तुहरूको उत्पादन, वितरण, आयात एवम् निर्यातलाई लागत-प्रभावी बनाउनु, गुणस्तर एवम् स्वच्छता र नियमन कार्य प्रभावकारी तुल्याउँदै कृषिजन्य वस्तुहरूको प्रतिर्स्धात्मक क्षमता वृद्धि गर्नु, गुणस्तरीय बिउ, मलखाद, किटनाशक तथा साना र मझौलास्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्रीको समयानुकूल आपूर्ति बढाउनु र कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्ने नीति अवलम्बन गरिने छ।

५.नगरपालिकाले लिएका लक्ष्यहरुमा दिगो र व्यावसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर उन्मुख बनाउने ,कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरि कृषि उपजमा आत्मनिर्भर उन्मुख

Scanned by CamScanner

हुनु , निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिने छ ।

६.कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु , तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा आत्म निर्भरता हासिल गर्ने नीति अवलम्बन गरिने छ ।

७.जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने नीति अवलम्बन गरिने छ ।

८.दिगो कृषि तथा पशुपन्छी क्षेत्रको विकास तथा लक्ष्य र उद्देश्य का लागि नेपालको संविधान,२०७२ अनुसार आवश्यक नीति ऐन र नियमहरू तर्जुमा संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । यसका लागि सरोकारवालाहरूको सहकार्यमा नेपालको संविधान र कृषि विकास रणनीतिको भावना अनुरूप कृषि तथा पशुपन्छी पालनसम्बन्धी विद्यमान नीतिगत, कानूनी र प्रक्रियागत व्यवस्थालाई सुधार गरि दिगो, वातावरणमैत्री र जलवायु अनुकूलन हुने गरी कृषि तथा पशुपन्छी विकास तथा कृषक केन्द्रित र कृषकमैत्री नीति निर्माणमा जोड दिई आवश्यक पर्ने प्रविधि विकास, प्रविधि हस्तान्तरण र प्रयोगलाई प्राथमिकता दिई सम्बन्धित सरोकारवाला निकायहरूसँगको सहकार्यमा नीतिगत, संस्थागत र कार्यान्वयन तहमा साझा अवधारणा बनाई सहकार्य गरिने छ ।

९.गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषिको यान्त्रिकीकरणका लागि कृषकमैत्री औजार, उन्नत प्रविधि एवम् सुलभ कृषि कर्जाको व्यवस्था गर्न तथा कृषि शिक्षा र अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारका लागि कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्थाहरूबीच समन्वय र सहकार्य गर्दै कार्यान्वयन पक्षलाई नतिजा उन्मुख बनाइने छ ।

१०. खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना तयार गरि कार्यान्वयन गरिने छ । खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपरजोनको विकास गरि सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।

११.कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास, अनुसरण, अवलम्बन र क्रमशः आधुनिकीकरण गरिने छ । कृषिमा आधारित उद्योगहरू, सेवा तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिने छ । लोपोन्मुख बिउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन प्रदान गर्नुका साथै उनीहरूको क्षमता अभिवृद्धि गर्दै आवश्यक प्रोत्साहन गरिने छ ।

१२.कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधनस्रोत र जैविक प्रविधिको उपयोग तथा समूह र सहकारीमा आधारित साना सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम संचालन गरिने छ ।

१३. नमूनाको रुपमा चैते धान,अदुवा ,अलैची प्रवर्द्धन र उत्पादन कार्यक्रम सञ्चालन गर्न, तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा

Scanned by CamScanner

लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा अनुदानको कार्यक्रम संचालन गरिने छ ।

१४.राष्ट्रिय समस्याको रूपमा देखिएको मातृ तथा बालबालिका कुपोषणको समस्या न्यूनीकरणमा दूध, अन्डा र मासुले महत्वपूर्ण भूमिका निर्वाह गर्नेहुदां पशुपन्छी पालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने नीति अवलम्बन गरिने छ ।

१५.पशुपन्छी उत्पादक कृषक, समुदाय, सहकारी संस्था एवम् निजी उद्यमीहरूको प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै स्वस्थ पशुपन्छी उत्पादन गर्न र उत्पादकत्व वृद्धि गर्न एकिकृत रूपमा प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिने छ ।

१६.पशुपन्छीजन्य व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रूपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतको रूपमा विकास गरिनेछ । पशुपन्छीजन्यवस्तुको मूल्य श्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधारका साथै पशुपन्छीजन्य उत्पादनको गुणस्तरमा अभिवृद्धि गर्दै स्थानिय, पशुपन्छी पालन पद्धतिको विकास गर्ने नीति अवलम्बन गरिने छ ।

१७. वातावरण तथा जलवायु अनुकूलनमैत्री पशुपन्छी व्यवसायको प्रवर्द्धन, पशुपन्छीको नस्ल सुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्षलाई समानान्तर रूपमा अगाडि बढाई एकीकृत रूपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१८.गाई, भैंसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरिने छ ।

१९.स्वास्थ्य शिक्षाको अवधारणानुसार पशु तथा जनस्वास्थ्य संरक्षण, पशुजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्यूनीकरण, पशुपन्छीबाट सर्न सक्ने रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिवृद्धिका साथै दुग्ध पदार्थ एवम् मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न 'बधशालादेखि भान्छासम्म स्वच्छ र स्वस्थ्य मासु' तथा 'गोठदेखि
ओठसम्म स्वच्छ र स्वस्थ्य दूध' कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिने छ ।

२०.दिगो, वातावरणमैत्री र जलवायु अनुकूलन हुने गरी पशुपन्छी विकासका लागि आवश्यक पर्ने प्रविधि विकास, प्रविधि हस्तान्तरण र प्रयोगलाई प्राथमिकता दिई सम्बन्धित सरोकारवाला निकायहरूसँगको सहकार्यमा नीतिगत, संस्थागत र कार्यान्वयन तहमा साझा अवधारणा बनाई सहकार्य गरिने छ ।

२१.कृषियोग्य भूमिमा उपयुक्त प्रविधिको छनोट गरी वर्षैभरि भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने सिँचाइ प्रणाली निर्माण गर्नु, निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत-सम्भारका लागि प्रभावकारी व्यवस्थापन गर्नु, सिँचाइ सुविधा उपलब्ध भएका एवम् हुने जमिन कृषिका लागि सुरक्षित राख्ने नीति अवलम्वन गरिने छ ।

Scanned by CamScanner

२२.कृषियोग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग गर्न सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिने र जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको उपलब्धतामा आएको जोखिम व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ।

२३.सिँचाइ प्रणालीको व्यवस्थापन सुदृढीकरण गरि दिगोपन बढाउने र सिँचाइको आवश्यकता भएको स्थान र समयमा निर्वाध रूपमा पानीको उपलब्धता बढाउनु , निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीहरूको मर्मतसम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने नीति अवलम्बन गरिने छ ।

२४.राष्ट्रको सामाजिक आर्थिक रूपान्तरण एवम् सर्वाङ्गिण विकासका लागि गरिने सबै किसिमका भौतिक पूर्वाधार विकासका कार्यहरूमा प्रत्यक्ष रूपमा भूमि वा भूमिस्रोतको परिचालन हुने भएकोले यस्ता स्रोतको सदुपयोग गरी दिगो रूपमा व्यवस्थापन गर्न वातावरणीय प्रभाव मूल्यांकन गरि समग्र भूमिको सदुपयोग गरि दिगो व्यवस्थापन गरिने छ।

२५.जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापनको नीति अवलम्बन गरिने छ।

## वन तथा भू-संरक्षण

१.दशरथचन्द नगरका सीमा भित्र रहेका नगर संरक्षित वन तथा सामुदायिक वनहरूको forest Inventory व्यवस्थापनका लागि कार्यविधि तयार गरी व्यवस्थित गरिने छ । विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि जैविक विविधता र जलाधारको संरक्षण लगायत् वनको सहभागितामूलक दीगो एवम् वैज्ञानिक व्यवस्थापन र वातावरणबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण र उपयोगमा स्थानिय समुदायको पहुँच वृद्धि गर्ने नीति अवलम्बन गरिने छ।

२.विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानिय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन वन संवर्द्धन प्रणालीमा आधारित वनको दिगो र वैज्ञानिक व्यवस्थापन गरिने छ।

३.वन डढेलो व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा जनताको सहभागिता अभिवृद्धि गरिने छ। वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि साधनस्रोत र व्यवस्थापकिय क्षमताको अभिवृद्धि ,डढेलो लगाउने अपराधीहरूलाई कानूनी कारबाहीको दायरामा ल्याइने गरी संस्थागत विकास र डढेलो नियन्त्रणमा हुने मानवीय क्षतिको उचित राहत र सम्मान कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ।

Scanned by CamScanner

४.निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार र वनपैदावारको आपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिने छ । नगर र नगर वरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र र नदीतटको उचित व्यवस्थापन गरिने छ ।

५.वन, वनस्पति, वातावरण र जैविक विविधताको बारेमा प्रचारप्रसार गरि स्थानिय बासिन्दाहरूको वातावरण संरक्षणमा सहयोग बढाउन ठूला सहरमा निजी क्षेत्र, सामाजिक संस्था आदिको सहकार्यमा वातावरण शिक्षा तथा प्रचारप्रसार केन्द्र स्थापना गरिने छ ।

६.पारिस्थितिक प्रणाली, जोखिमयुक्त वन्यजन्तुहरूको वासस्थान संरक्षण, प्रजनन एवम् जनसङ्ख्या व्यवस्थापनको कार्य विस्तार गरिने छ ।

७.भू-उपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ । जलवायु परिवर्तनले पारिस्थितिकिय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने छ ।

८. सामुदायिक वनको पैदावारको उत्पादन, प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरि उत्पादन र बजारको विविधीकरण र प्रविधि विकास एवम् हस्तान्तरण गरिने छ । सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादनहुने वन पैदावारहरूको बिक्री वितरण तथा वनस्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानूनी र नीतिगत सुधार गरिने छ ।

९.भू-संरक्षण, जलाधार व्यवस्थापन तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तन न्यूनिकरण गर्न गुरुयोजना बनाई सो अनुरूपका विशेष कार्यक्रमहरु गरिने छ । दशरथचन्द नगरपालिका क्षेत्र भित्रका खोला तथा मुहानहरूको सरसफाई, व्यवस्थापन र संरक्षण गर्न कार्ययोजना बनाई पुर्नजीवित Regeneration गरिने छ ।

## सञ्चार नीति

१. स्थानीय सञ्चार माध्यम र सञ्चारकर्मीका क्षमता विकासका लागि आवश्यक नीति लिईने छ ।

२. यस नगरलाई मिडिया मैत्री नगरको रुपमा विकास गरिने छ ।

३. नगर भित्रको सूचना प्रवाहलाई व्यवस्थित गर्ने नीति लिईएको छ ।

४. नगर प्रवेश गर्ने मुख्य प्रवेश-विन्दूहरूमा सूचना केन्द्र तथा सूचना बोर्डहरू राख्ने व्यवस्था मिलाइने छ ।

५. दशरथचन्द नगर क्षेत्रभित्रका महत्वपूर्ण सार्वजनिक स्थानहरूमा फ्री वाईफाईको व्यवस्था गर्न पहल गरिने छ ।

६.नगरपालिकावाट सम्पादित योजना तथा कार्यक्रम र गतिविधिहरुको सुचारु रुपले नगरवासीलाई सञ्चार गर्दै सुसूचित गर्न नगर क्षेत्रमा रहेका सामुदायिक रेडियो समेतका सञ्चार माध्यमहरुलाई प्रवर्द्धन र प्रोत्साहित गरिने छ ।

Scanned by CamScanner

## राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध

१. नगरको विकासका लागि अन्तराष्ट्रिय सहयोग जुटाउन अन्तराष्ट्रिय सम्बन्ध विस्तार गरिने छ ।

२. विश्वका विभिन्न राष्ट्रका नगर तथा राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरू सँग भगिनी सम्बन्ध स्थापना र विकास गर्दै अन्तराष्ट्रिय सम्बन्ध विकास गरिने नीति अवलम्वन गरिने छ ।

३. सीमावर्ती अन्य नगरपालिका तथा गाउँपालिकाहरूलाई जोड्ने कार्यका लागि एकिकृत विकास कार्यक्रम अघि बढाइने छ ।

४. दशरथचन्द नगरको समग्र विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोग आकर्षित गर्ने योजना तर्जुमा गरिने छ ।

## तथ्याङ्क संकलन र व्यवस्थापन

१.नगरको समग्र तथ्याङ्क अद्यावधिक गरि तथ्याङ्कको आधारमा योजना तर्जुमा, नतिजाको आधारमा अनुगमन र मूल्याङ्कन गरि नगरको गतिविधि प्रभावकारी बनाइने छ ।

२. नगरको एकिकृत गुरुयोजना तयार गर्न विषयगत तथा क्षेत्रगत प्रोफाइल (पार्श्वचित्र) अद्यावधिक गरि तयार गरिने छ ।

३. नगरको भौगोलिक सूचना प्रणालीमा प्रत्येक घरधुरीको विस्तृत तथ्याङ्क अद्यावधिक गरिने छ ।

४. दशरथचन्द नगर क्षेत्रका सार्वजनिक जग्गा तथा सम्पदाहरूको तथ्याङ्क सङ्कलन गरिने छ । अतिक्रमित भएका सार्वजनिक सम्पदाहरूको समेत खोजी गरि पूर्ववत् संरक्षण गरिने छ ।

५. दीर्घकालीन, आवधिक, वार्षिक योजना, क्षेत्रगत कार्यक्रम, परियोजना तथा नीतिहरू नतिजामा आधारित बनाएर तर्जुमा, अनुगमन र मूल्याङ्कन (Result based Planning Monitoring and Evaluation) गर्ने संस्थागत व्यवस्था समेत मिलाइने छ ।

६. नगरपालिकाको गतिविधि अद्यावधिक गर्न वेभसाइटलाई अपडेट गर्नुका साथै विभिन्न विषयमा गुनासो वा उजूरी दिन परेमा मोबाइलबाटै उजुरी दिन सकिने व्यवस्था मिलाइने छ ।

७. मेट्रिक ठेगाना प्रणालीलाई अझ व्यवस्थित गरी सम्पूर्ण वडाहरूमा क्रमशःलागू गरिने छ ।

## न्याय, कानून तथा मानव अधिकार

१. सबै नगरबासीहरूलाई छिटो, छरितो, पहुँच योग्य र प्रभावकारी न्याय प्रणालीको विकास गर्ने नीति अवलम्वन गरिने छ । नगरबासीहरूलाई छिटो छरितो रूपमा न्याय दिनका लागि आवश्यक स्रोत ,

Scanned by CamScanner

साधन र संयन्त्रको प्राथमिकताका साथ व्यवस्थापन गरिने छ ।

२. नेपालको संविधानको अनुसूची ८ र ९ अन्तर्गतका विषयहरुमा क्रमशः आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड इत्यादि तर्जुमा गरी कार्यान्वयन गरिने छ । नगरपालिकाले तर्जुमा गरेका कानुन तथा गतिविधिहरूको बुलेटिन प्रकाशन गरी नगरबासीहरुलाई सुसूचित गरिने छ ।

३. नगरपालिकाको नीति, नियम तथा कानूनको पालना गराउनका लागि प्रभावकारी संयन्त्र निर्माण गरिने छ । यसका लागि नगर प्रहरीको प्रावधान गर्न पहल गरिने छ ।

**आदरणीय सभासद्ज्यूहरू !**

स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात हामी नयाँ चरणमा प्रवेश गरेका छौं । अब हाम्रो लडाई दशरथचन्द नगरको विकास, समृद्धि, सामाजिक एकता तथा साँस्कृतिक ऐक्यबद्धता, सुशासनको पक्षमा अभाव, पछ्याटेपन, अशिक्षा र गरिबीका विरुद्ध केन्द्रित हुनेछ । यस गरिमामय नगरसभामा चालु आगामी आर्थिक वर्ष २०७४।०७५ संशोधित नीति तथा कार्यक्रम प्रस्तुत गरि रहँदा हामी सम्मुन्नत, समृद्ध, विकसित, भ्रष्टाचारमुक्त दशरथचन्द नगरको तस्विरको कल्पना गरिरहेको छौ । नगरवासीहरुका मागहरु वढिरहने क्रम जारी रहेको तर तुलनात्मक रुपमा आन्तरिक राजश्व संकलन हुन नसक्दा नगरवासीहरुका विकास निर्माणका माग र उपलब्ध स्रोत साधनको क्षमता वीच संतुलन कायम गर्न कठिनाई हुदै गईरहेको छ । यस सन्दर्भमा, सहभागितामूलक योजना तर्जुमा प्रकियावाट नगर परिषदमा प्राप्त योजनाहरु मध्ये यथासम्भव प्राप्त सुझाव र महत्वको आधारमा प्राथमिकिकरण गर्दै भूगोल, जनसंख्या र वस्तीलाई आधार मानि सकभर संतुलित गर्ने व्यवस्था मिलाइएको छ । स्थानिय सरकार संचालन ऐन २०७४ ले गरेको व्यवस्था बमोजिम आन्तरिक राजश्व संकलन परिचालन गर्ने तथा कार्यालयको क्षमता सुदृढिकरण गरिने छ । साथै प्रस्तुत नीति तथा कार्यक्रमलाई यस गरिमामय सभाले व्यापक छलफल गरी नगरबासीको हितमा आवश्यक निष्कर्ष निकालिने छ भन्ने अपेक्षा गरिएको छ ।

हाम्रो अनुभवले सहकार्य र एकताबाट मात्र परिर्वतन संभव भएको पोठ सिकाएको छ । विभाजित मानसिकताले जटिलता सिर्जना गर्दछ र प्रगतिलाई अवरोध गर्दछ । दशरथचन्द नगरको विकास र समृद्धि हामी सबैको साझा लक्ष्य हो । तसर्थ सकारात्मक सोचको विकास गरी, एक जुट भई अगाडी

Scanned by CamScanner

बढ्नु आजको पहिलो आवश्यकता हो । हाम्रो उक्त साझा लक्ष्य प्राप्त गर्न हामी बीचमा सहकार्य,सहयोग,विश्वास र एकताको आवश्यकता छ भन्ने कुरा म स्मरण गराउन चाहन्छु । आर्थिक-सामाजिक विकास, आम नागरिकहरूमा सहज रूपले सार्वजनिक सेवा प्रवाह, भष्ट्राचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गरि जनउत्तरदायी स्थानिय सरकार निर्माण गर्ने हामी सबैको साझा उद्देश्य हो ।

अन्त्यमा, म यस दशरथचन्द नगरको दोस्रो सभालाई सम्वोधन गर्न पाउँदा सबै मतदाता, राजनीतिक दलका साथीहरू, मेरा सहकर्मी कार्यपालिकाका पदाधिकारी कर्मचारी वर्ग र सुरक्षाकर्मीहरू प्रति कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहन्छु ।

**चक्र प्रसाद शर्मा**
**प्रवक्ता**
**दशरथचन्द नगर पालिका**
**बैतडी**

१

Scanned by CamScanner

**निर्णय न. २१** विनियोजन ऐन २०७४ को नियम ३ को उपनियम ३ अनुसार देहायबमोजिका शिर्षकहरु नगरसभाबाट संशोधन तथा थपघट गर्ने निर्णय गरियो ।

**संशोधित** **आ.ब.२०७४/७५ को दोस्रो नगर सभा**

| सि.न. | बिषयगत क्षेत्र | प्रस्तावित अनुमानित बजेट रु. | संशोधित अनुमानित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सहकारी सम्बन्धि अभिमुखीकरण तालिम | ४०००००.०० | ०.० | |
| २. | महिला बिकास कार्यक्रम | १४०००००.०० | १००००००.० | |
| ३. | बालकोष ब्यबस्थापन | १००००००.०० | ६०००००.० | |
| ४. | एकिकृत आवधिक नगर बिकास योजना | ८०००००.०० | ०.० | |
| ५. | कन्टेनर खरिद | १००००००.०० | ५०००००.० | |
| ६. | जग्गा खरिद | २५०००००.०० | ० | |
| ७. | प्राबिधिक तथा वातावरण सम्बन्धि अध्ययन | १००००००.०० | ५०००००.० | |
| ८. | दैबीप्रकोप कोष ब्यबस्थापन | १८५८६२२.९० | ८५८६२२.९ | |
| ९. | सवारी साधन नविकरण,मर्मत तथा विमा | २०००००.०० | २५०००० | |
| १०. | लेखांकन सम्बन्धि अभिमुखीकरण तालिम | ७००००.०० | ०.०० | |
| ११. | राजस्व सम्भाव्यता अध्ययन | ५०००००.०० | ०.०० | |
| १२. | आ.ले.प.शाखा ब्यबस्थापन | १०००००.०० | ०.०० | |
| १३. | अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छौट | ५००००.०० | ०.०० | |
| १४. | सुचनाको हक सम्बन्धि तालिम | १०००००.०० | ५००००.० | |
| १५. | प्रयटन बिकास कार्यक्रम | ०.० | ५०००००.०० | |
| १६. | जगन्नाथ सहकारी भवन मर्मत वार्ड न. १ | ०.० | ५०००००.०० | |
| १७. | पूर्वाधार सुधार | ०.० | १८०२०००.०० | |
| २०. | वार्ड स्तरीय मेयरकप प्रबर्धन | ०.० | २७५०००.०० | |
| २१. | इश्वरीगंगा धाम कुम्भमेला | ०.० | १०५०००.०० | |
| | **जम्मा** | १०९७८६२२.९० | ६९४०६२२.९० | |

Scanned by CamScanner

## अनुसूची . २

**व्यय विवरण** <u>आ.ब.२०७४/७५ को दोस्रो नगर सभा</u>

| संकेत न. | खर्च शिर्षक | ०७४/७५ को प्रस्तावित खर्च | ०७४/७५ को संशोधित प्रस्तावित खर्च | कैफियत |
|---|---|---|---|---|
| | घर भाँडा | २५००००.० | ८०००००.० | |
| | मर्मत सम्भार | २५००००.० | ५०००००.० | |
| | कार्यालय संचालन | ९९६०००.० | २१२४०००.० | |
| | आर्थिक सहयात | ९००००.० | ३०००००.० | |
| | न.पा.सभा संचालन | २०००००.० | ६०००००.० | |
| | अवलोकन भ्रमण | ०.० | १००००००.० | |
| | पदाधिकारी पारश्रमिक | ०.० | ३०००००.० | |
| | बैठक भत्ता नगर सभा समेत | ४५०००००.० | ३००००००.० | |
| | परामर्श सेवा (थप सामाजिक परिचालन तथा अन्य तर्फ) | ०.० | १२०००००.० | |
| | कर्मचारी दै.भ.भ. | ०.० | ५०००००.० | |
| | जम्मा | ६२८६०००.० | १०३२४०००.० | |

निर्णय नं. २२ समपूरक कोष मार्फत अन्तर्गतबाट श्री जगन्नाथ बहुमुखी क्याम्पस गोठलापानीलाई रु. १०,००,०००/- अक्षेरुपी रु. दश लाख उपलब्ध गराउने निर्णय गरियो।

Scanned by CamScanner